# नार्सों गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ

गण्डकी प्रदेश, नेपाल


## सिलवन्दी दरभाउपत्र आहवान सम्वन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६।०२।२५**

प्रस्तुत विषयमा यस गाउँपालिका वडा नं. ७ भीमथाङमा सौर्य उर्जा जडान एवम् ढुवानी तथा इन्स्टलेसन कार्य गर्नुपर्ने भएकाले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही योग्य फर्महरुबाट सिलवन्दी दरभाउपत्र आहवान गरीन्छ ।

**तपसिल**

१. दरभाउपत्र गाउँ कार्यपालिकाको प्रशासन शाखाबाट रु.१०००।- नगदै तिरी मिति २०७६।०३।०८ को कार्यालय समयसम्म किन्न सकिनेछ । उक्त दरभाउपत्र सो दिनको भोलिपल्ट ०९ गते १२ बजेभित्र यस कार्यालयमा दर्ता हुने गरी कार्यालयम उपस्थित भै वा हुलाकमार्फत पेश गरीसक्नुपर्नेछ भने पेश भएका दरभाउपत्रहरु सोही दिनको २ बजे खोलिनेछ ।

२. दरभाउपत्र किन्न आउँदा कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नं. भ्याट प्रमाणपत्र, प्रतिनिधि तोकेको पत्र तथा अन्य आवश्यक कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३. रीत नपुगेका तथा म्याद नाघि आएका दरभाउपत्रहरु उपर कुनै कारबाही गरीने छैन ।

४. काम सम्वन्धी जानकारी लिनुपरेमा कार्यालयको योजना शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

५. दरभाउपत्रको धरौटी रकम तपसिल बमोजिम नार्सों गा.पा.को प्रभू वैंक धारापानी स्थित खाता ग ३ मा जम्मा गरेको सक्कल भौचर वा नगदै वा नेपाल सरकारबाट मान्यताप्राप्त क वर्गको वाणिज्य वैंकको दरभाउपत्र खुलेको मितिले ४५ दिन मान्य अवधि रहेको वैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा अन्य सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

७. यस सुचनामा उल्लेखित कुरा अपुष्ट भएमा प्रचलित खरिद कानुन अनुसार हुनेछ ।

८. यस सम्वन्धमा अन्य जानकारी भए गा.पा.को योजना शाखा (सम्पर्क नं.९८५६०३२८६५) मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | सिलवन्दी दरभाउपत्रको विवरण | धरौटी रकम |
|---|---|---|---|
| १. | ३-०७५।७६ | नार्सों ७ भीमथाङमा सोलार सिस्टम सप्लाई सम्वन्धी कार्य | ६०,०००।- |
| २. | ४-०७५।७६ | नार्सों ७ भीमथाङमा सोलार सिस्टम ढूवानी तथा ईन्सटलेसन सम्वन्धी कार्य | १५,०००।- |

प्रमुख प्रशासकीय अधिकृत